आज मिति २०७८ साल चैत्र २२ गते मंगलवारका दिन यस नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | उपस्थिति |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| वरिष्ठ प्रशासकीय अधिकृत | श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: स्थापना दिवस मनाउने सम्बन्धमा ।
प्रस्ताव नं.३: EFT भुक्तानी सम्बन्धमा ।
प्रस्ताव नं.४: भगिनी सम्बन्ध बिस्तार सम्बन्धमा ।
प्रस्ताव नं.५: करार जनशक्ति अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.६: म्याराथन राष्ट्रिय दौड प्रतियोगिता रकम थप सम्बन्धमा ।
प्रस्ताव नं.७: रकम थप सम्बन्धमा ।
प्रस्ताव नं.८: भाडा छुट दिने सम्बन्धमा ।
प्रस्ताव नं.९: बहुउद्देश्यीय भवनको बिजुली बिल सम्बन्धमा ।
प्रस्ताव नं.१०: माछा मासु पसलको धारा काट्ने सम्बन्धमा ।
प्रस्ताव नं.११: योजना परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.१२: कृषि तथा पशु अनुदान सम्बन्धमा ।
प्रस्ताव नं.१३: भैंसी प्रवर्द्धन कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.१४: प्रतिनिधी तोक्ने सम्बन्धमा ।
प्रस्ताव नं.१५: IEE प्रतिवेदन स्वीकृति सम्बन्धमा ।
प्रस्ताव नं.१६: होमस्टे दर्ता सम्बन्धमा ।
प्रस्ताव नं.१७: घ वर्गको ईजाजतपत्र दिने सम्बन्धमा ।
प्रस्ताव नं.१८: प्राज्ञिक सभा गठन सम्बन्धमा ।
प्रस्ताव नं.१९: प्रधानाध्यापक नियुक्ति समर्थन सम्बन्धमा ।
प्रस्ताव नं.२०: विभिन्न ठेक्काहरु स्वीकृति गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२१: सडक बोर्ड नेपालमा कार्यक्रम पठाउने सम्बन्धमा ।
प्रस्ताव नं.२२: योजना कार्यान्वयनको प्रगती विवरण एवं आर्थिक समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२३: नयाँ योजना तर्जुमा सम्बन्धमा ।
प्रस्ताव नं.२४: सप्रोस नेपालसँग खानेपानी सम्बन्धी माग सिफारिस गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२५: शिक्षक सरुवा एवं सरुवा संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.२६: खड्गकाली मार्ग कालोपत्रे रकम थप सम्बन्धमा ।
प्रस्ताव नं.२७: जिल्ला समन्वय समितिमा योजना माग गरी पठाउने सम्बन्धमा ।
प्रस्ताव नं.२८: शिक्षक सरुवा सम्बन्धमा ।
प्रस्ताव नं.२९: विभिन्न कार्यक्रम तथा योजनामा रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.३०: कार्यविधि पारित सम्बन्धमा ।
प्रस्ताव नं.३१: रकम भुक्तानी सम्बन्धमा ।
प्रस्ताव नं.३२: प्राविधिक भत्ता तथा अन्य सुविधा सम्बन्धमा ।
प्रस्ताव नं.३३: नवीकरणीय उर्जा प्रविधि जडान सम्बन्धमा ।
प्रस्ताव नं.३४: विद्यालयको नाम परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.३५: बजेट कार्यक्रम संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.३६: टेण्डर प्रकृयाबाट बाँकी रकम सम्बन्धमा ।
प्रस्ताव नं.३७: संस्थागत विद्यालयका कक्षा ८ को परीक्षा दस्तुर छुट सम्बन्धमा ।
प्रस्ताव नं.३८: रजिष्ट्रेशन शुल्क छुट सिफरिस सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०७८/१२/७ गते बसेको कार्यपालिका बैठकबाट भएका निर्णयहरुको समिक्षा गरियो । कार्यान्वयन हुन बाँकी निर्णयहरु तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा २०७८ चैत्र ३० गतेका दिन व्यास नगरपालिकाको स्थापना दिवस मनाउने सन्दर्भमा उक्त कार्यक्रममा नगरपालिकाका पूर्व जनप्रतिनिधि, सामाजिक क्षेत्रका प्रतिनिधि, राजनैतिक दलका प्रतिनिधि, संघ, प्रदेश, जिल्ला समन्वय समिति, टोल विकास संस्थाका प्रतिनिधि र छिमेकी पालिकाहरुलाई आमन्त्रण गर्ने र उक्त दिन व्यास नगरपालिका क्षेत्रभित्र सार्वजनिक बिदा दिने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको रकम भुक्तानी प्रक्रियालाई २०७९ बैशाख १ गतेदेखि रू.१,००,०००। (एक लाख) भन्दा बढी रकम EFT (Electronic Fund Transfar) मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउन आर्थिक प्रशासन शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा दक्षिण कोरियाको SANGJU Municipality सँग व्यास नगरपालिकाको भगिनी सम्बन्ध बिस्तार गर्ने निर्णय गरियो । साथै सोको नेपाल सरकारबाट सहमतिका लागि गण्डकी प्रदेश सरकार मार्फत अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाद्वारा व्यास न.पा. वडा नं.१० को कुमलटारीमा सञ्चालन गर्न लागेको जग्गा विकास कार्यक्रममा सव इन्जिनियर २ (दुई) र व्यास नगरपालिकाको सबै वडामा सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्ता शिविर सञ्चालन गर्नका लागि जनशक्ति करारमा लिइएकोमा सोको अनुमोदन गर्ने निर्णय गरियो । कर्मचारी विवरण र अवधि निम्नानुसार हुनेछ ।

| सि.नं. | पद | कर्मचारीको नाम थर | करार अवधी | कैफियत |
|---|---|---|---|---|
| १ | सव इन्जिनियर | श्री एलिजा मिश्र | २०७९ आषाढ मसान्त | |
| २ | सव इन्जिनियर | श्री दिप्ती न्यौपाने | २०७९ आषाढ मसान्त | |
| ३ | विवरण संकलक | श्री वर्षा भट्टराई | नियुक्ति मितिबाट २६ दिन | |
| ४ | विवरण संकलक | श्री सविना श्रेष्ठ | नियुक्ति मितिबाट २६ दिन | |
| ५ | विवरण संकलक | श्री ईश्वर बांस्तोला | नियुक्ति मितिबाट २६ दिन | |
| ६ | विवरण संकलक | श्री मुना राना | नियुक्ति मितिबाट २६ दिन | |
| ७ | विवरण संकलक | श्री समिक्षा कोईराला | नियुक्ति मितिबाट २६ दिन | |
| ८ | विवरण संकलक | श्री समिक्षा वाग्ले | नियुक्ति मितिबाट २६ दिन | |
| ९ | विवरण संकलक | श्री स्वस्तिका शर्मा | नियुक्ति मितिबाट २६ दिन | |
| १० | विवरण संकलक | श्री पूर्णचन्द्र अधिकारी | नियुक्ति मितिबाट २६ दिन | |

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाद्वारा २०७८ फाल्गुण २४ गते खुल्ला महिला हाफ म्याराथन प्रतियोगिता र ऐ.२८ गते खुल्ला राष्ट्रिय म्याराथन प्रतियोगिता सञ्चालन गर्न यस अघि छुट्याइएको रकम नपुग भएको हुँदा रू.९,५०,०००/ (नौ लाख पचास हजार) थप गरी उक्त रकम शीर्षक नं. १५४ बाट खर्च मिलान गरी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा राष्ट्रिय परिचय पत्र निर्माण गर्दा १४ वटै वडामा खटिएर आएका कर्मचारीहरुलाई खाजा, खाना र बास खर्च व्यास नगरपालिकाद्वारा व्यहोर्ने भनी यस अघि सम्बन्धित शीर्षकबाट भुक्तानी दिने निर्णय भएकोमा उक्त शीर्षकबाट रकम भुक्तानी दिन नपुग्ने भएको हुँदा नपुग रकम शीर्षक नं.४१ बाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको सटर कोठा भाडामा लिई व्यवसाय गर्ने निम्न व्यवसायीहरुले कोभिड-१९ बाट व्यवसाय प्रभावित भई भाडा तिर्न बाँकी देखिएको र राजश्व परामर्श समितिद्वारा १ महिना बरावरको भाडा रकम छुट गरिदिन सिफारिस भई आएकोले निम्न व्यवसायीहरुलाई राजश्व परामर्श समितिको सिफारिस बमोजिम १ महिना बरावरको रकम छुट दिने र असुल गर्नपर्ने अन्य रकम तत्काल अशुल गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।
(क) व्यास केवल नेटवर्क प्रा.लि.

(ख) सुकराम वि.क.
(ग) शिव बस्नेत
(घ) तलिमायाँ सिँजाली

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको बहुउद्देश्यीय भवनको ग्राउण्ड फ्लोरमा रहेका सटरहरुमा जडान गरिएको बिजुली व्यवसायीहरुबाट नै जडान गरी सञ्चालन गरिरहेको र भित्री सटर तथा व्यवसायिक प्रयोजन बाहेकका स्थानमा व्यास नगरपालिकाको मुख्य लाइनमा जोडी अन्य जडानलाई टुटाउने र हालसम्म भुक्तानी गर्न बाँकी रकम मध्ये रू.६८,८००/ (अडसठ्ठी हजार आठसय) व्यवसायीहरुबाट अशुल गरी बाँकी रकम व्यास नगरपालिकाबाट नै भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको स्वामित्वमा रहेको माछा मासु व्यवसायको सटर क्षेत्रमा हाल व्यास नगरपालिकाको नाउँमा रहेको ३ वटा पानी धारा मध्ये हालसम्मको तिर्न बाँकी रकम व्यास नगरपालिकाबाट नै भुक्तानी दिने र २ वटा धारा काटी एउटा धारा मात्र सञ्चालनमा राखी सो धाराको बिल व्यवसायीहरुबाट नै भुक्तानी गर्ने व्यवस्था मिलाई सो स्थानका सबै सटरहरुको सम्झौता सकिएको मिति देखि नै लागू हुने गरी २०८० आषाढ मसान्तसम्म म्याद कायम रहने गरी सम्झौता गराउने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा विभिन्न सिफारिसका आधारमा देहाय बमोजिमका वडागत योजनाहरु परिवर्तन गर्ने निर्णय गरियो ।

| सि. नं. | योजनाको नाम | रकम | परिवतर्वन गरी कायम भएको योजनाको नाम | रकम | खर्च शीर्षक | वडा नं. |
|---|---|---|---|---|---|---|
| १. | धार्मिक तथा साँस्कृतिक कार्यक्रम | ३,००,०००। | जलदेवी मन्दिरमा डेन्ड निर्माण | ५८,०००। | | ४ |
| २. | कौशी खेती | १०,००,०००। | कौशी खेती | ५०,०००। | | ४ |

(क) शीर्षक नं.२६८ मा रहेको मुसेखोलादेखि भद्रु जाने बाटोमा नाला तथा ग्राबेलमा राखिएको १,५०,०००। संशोधन गरी मुसेखोलादेखि भद्रु जाने बाटोको घुम्ती मिलाउने एवं बाटोको ग्रेडिङ मिलाउनेमा खर्च गर्ने ।
(ख) शीर्षक नं ११८ मा रहेको अगुवा कृषक अवलोकन भ्रमणका लागि विनियोजित ७५,०००। संशोधन गरी उक्त शीर्षकमा भएको रकम निशुल्क मकै चरी (टी.ओ.सेण्टी) धारको विउ खरिद वितरणमा खर्च गर्ने ।
ग) शीर्षक नं.१३० मा रहेको शिक्षा, स्वास्थ्य, कृषि, टोल समन्वय वैठकमा रहेको रु.१,००,०००। संशोधन गरी विपद् एवं मोटर मार्ग, नाला सरसफाईमा खर्च गर्ने ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदाधान उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत क्लस्टरनं.१ तर्फ क्लस्टर समितिबाट माग भएको निम्नानुसारका कार्यक्रमहरू ५० प्रतिशत अनुदानमा तपशिल आर्थिक नर्मस अनुसार कार्यान्वयन गर्नका लागि छनौटगरी कार्यपालिका बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो ।
**कार्यक्रम:** धान उत्पादन प्रवर्द्धन कार्यक्रम (बाली विकास कार्यक्रम) खर्च शीर्षक २३०.१ बजेट: ३०,००,०००।
(क) धानको उन्नत विउ (विनियोजित रकम रु.१,५०,०००।)
- साबित्रि धान २००० के.जी
- रामधाम धान ८०० के.जी

(ख) साना सिंचाई (कुलो मर्मत) विनियोजिट रकम रु.९,००,०००। प्रति कुलो रु.१,५०,०००।
१) पाटने ब्लक:पाटने कुलो, शिशाघाट, व्यास ६
२) जुडीखेत ब्लक: जुडी खेत, शिशाघाट, व्यास ६
३) बाह्रबिसे ब्लक: चिसोपानी टारी खेत कुलो, चिसोपानी, व्यास ६
४)काफ्लेफाँट ब्लक: बादी कुलो, वादी, व्यास ६
५) बाह्रबिसे ब्लक: सोसर्दै कुलो, शिशाघाट, व्यास ६

६) भतेरी ब्लकः भतेरी कुलो, भतेरी, व्यास ६

(ग) गह्रा सुधार (विनियोजित रकम ५०,०००।)

- माग भएको क्षेत्रफलः व्यास ६ मा ५ हेक्टर

(घ) औजार उपकरण (मिनी पावरटिलर/हाते ट्रयाक्टर) (विनियोजित रकम २,४०,०००। प्रति ट्रयाक्टर बढीमा रु ४०,०००।)

१) भतेरी ब्लकः विष्णु माया श्रेष्ठ, व्यास ५
२) बेलटोला ब्लकः उत्तम न्यौपाने, व्यास ५
३) बाह्रबिसे ब्लकः शंखमान श्रेष्ठ, व्यास ६
४) अम्रेनी ब्लकः मक्कर बहादुर नेपाली, व्यास ६
५) पाटने ब्लकः शान्ता राम घिमिरे, व्यास ६
६) जुडीखेत ब्लकः धनराज श्रेष्ठ, व्यास ६

**जम्माः १३,४०,०००।**

**क्लस्टरनं.२ तर्फः** क्लस्टर समितिबाट माग भएको निम्नानुसारका कार्यक्रमहरू ५० प्रतिशत अनुदानमा तपशिल आर्थिक नर्मस अनुसार कार्यान्वयन गर्नका लागि छनौट गरी कार्यपालिका बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो ।

क) धानको उन्नत विउ (विनियोजित रकम रु.४,००,०००।)

- साबित्री धान १४९६ के.जी
- रामधाम धान ५६१६ के.जी
- सुख्खा धान १३३५ के.जी
- अनादी धान ३५ के.जी

ख) साना सिंचाई (कुलो मर्मत) विनियोजिट रकम रु ३,००,०००। प्रति कुलो रु.७५,०००।

१) ब्लकःतमोरे खोल्सी, व्यास ९
२) ब्लकः सेरा उपल्लो कुलो, व्यास ७
३) ब्लकः गलाम खोला खेत कुलो, व्यास ७
४) ब्लकः कटुवा खेत कुलो, व्यास १०

ग) औजार उपकरण (मिनी पावर टिलर/हाते ट्रयाक्टर) (विनियोजित रकम ६,३०,०००। प्रति ट्रयाक्टर बढीमा रु.३०,०००।)

१) गोल्दी कृषक समूह, व्यास ७
२) चन्द्रबहादुर के.सी, व्यास ७
३) पार्वती श्रेष्ठ, व्यास ७
४) राजु श्रेष्ठ, व्यास ७
५) सुवास वाग्ले, व्यास ७
६) शारदा प्रसाद वाग्ले, व्यास ७
७) सेरा कृषक समूह, व्यास ७
८) भगवती क्षेत्री, व्यास ७
९) चुनबहादुर गुरुङ्ग, व्यास ७
१०) सुनराम गुरुङ्ग, व्यास ७
११) बमबहादुर कुँवर, व्यास ७
१२) यमबहादुर बराल, व्यास ७
१३) रामबहादुर कार्की, व्यास ९
१४) श्रीप्रसाद श्रेष्ठ, व्यास ९
१५) सम्भुलाल गुरुङ्ग, व्यास ९
१६) रामबहादुर गुरुङ्ग, व्यास ९

१७) पप्पु बानिया, व्यास ९
१८) खहरे कृषक समूह, व्यास १०
१९) ऋषिराम ढुङ्गाना, व्यास १०
२०) रामचन्द्र अधिकारी, व्यास १०
२१) शारदा अधिकारी, व्यास ७

**जम्मा १३,३०,०००**

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा दुध मिसन कार्यक्रम अन्तर्गत ५० प्रतिशत लागत साझेदारीमा भैंसी प्रवर्द्धन कार्यक्रमका लागि आर्थिक विकास समितिको स्थलगत अनुगमनमा देखिएका तथा सङ्कलन गरिएका विवरणहरुको आधारमा पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ अनुरुप तपसिल बमोजिमका लाभग्राहीहरुलाई छनौट गरी कार्यपालिका वैठकबाट अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

खर्च शीर्षक: २३३.३ कुल बजेट: १९,९४,०००। अनुदान रकम: १६,५०,०००।

| क्र.सं. | फार्म/समूह/सहकारीको नाम | ठेगाना | सम्पर्क व्यक्ती | अनुदान रकम |
|---|---|---|---|---|
| १ | बेलबास दुग्ध उत्पादक सहकारी संस्था | व्यास १३, बेलबास | श्री प्रसाद सांखी, | ३,७५,०००। |
| २ | सेवर दुग्ध उत्पादक सहकारी संस्था लि | व्यास १०, सेवर | राजु भुजेल | ३,७५,०००। |
| ३ | सम्पन्न पशु मत्स्य तथा कृषि फर्म | व्यास १०, बैरेनी | राजेन्द्र धोज अधिकारी | ३,००,०००। |
| ४ | रानीपानी बृहत नमुना कृषि फर्म | व्यास ९ रानीपानी | पुरुसोत्तम पौडेल | ३,००,०००। |
| ५ | रामथुम्की कृषि तथा पशु फर्म | व्यास ११,रामथुम्की | टिकाराम मौरती | ३,००,०००। |
| | जम्मा | | | १६,५०,००० |

फर्म/सहकारीहरूले अनुदान तथा लागत साझेदारी वपतको रकमबाट निम्न अनुसारको क्रियाकलापहरू आवश्यकता अनुसार सञ्चालन गर्ने सक्नेछन् ।

- उन्नत पशु खरिद/ढुवानी
  -भैंसी/रागो खरिदको लागि प्रति पशु बढीमा रु.६०,०००। (अक्षरुपी साठ्ठी हजार) उपलब्ध गराइनेछ ।
  -खरिद गरिएको पशुको अनिवार्य बिमा गर्नुपर्नेछ ।
- गोठ निर्माण सुधार/जैविक सुरक्षा

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.२ बस्ने पुष्पकला भट्टराईले व्यास नगरपालिका समेत विरुद्ध उच्च अदालत पोखरामा निषेधाज्ञा जारी गरी पाउँ भनी रीट दर्ता गरी व्यास नगरपालिकाको नाउँमा १५ दिने म्याद प्राप्त गरी व्यास नगरपालिकाको तर्फबाट लिखित जवाफ लेखी पेश गर्न र सो मुद्दा पुर्पक्ष गर्नका लागि व्यास नगरपालिकाको तर्फबाट व्यास नगरपालिका कार्यालयमा कार्यरत शाखा अधिकृत श्री नवीन पराजुलीलाई प्रतिनिधि तोक्ने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा

क) वेदव्यास मल्टीप्रपोज उड एण्ड काष्ठ ईष्ड्रिष्ट्रिज व्यास ११ निर्वु रामदास तनहुँबाट पेश हुन आएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनको TOR स्वीकृति गर्ने निर्णय गरियो ।

ख) व्यास नगरपालिका वडा नं १० मा निर्माण प्रस्ताव गरिएको नारेश्वर ताल बहुउदेश्यीय योजनाको प्रारम्भिक वातावरणीय परीक्षणको लागि डिलाइट मल्टिसेक्टर कन्सल्टेन्सी प्रा.लि. काठमाण्डौ बिच सम्झौता भएकोमा प्रतिवेदन उपर कार्यपालिका वैठकमा प्रस्तुतीकरण भएकोमा सामान्य संशोधन सहित उक्त प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा होमस्टे दर्ता एवं नियमन कार्यका लागि गठित यस नगरपालिकाको होमस्टे अनुगमन समितिको मिति २०७८ चैत्र २१ गतेको बैठकको निर्णय अनुसार सिफारिस भई आए बमोजिम देहाय बमोजिमका होमस्टेहरु दर्ता गरी संचालन गर्ने अनुमति प्रदान गर्ने निर्णय गरियो ।

| सि.नं. | होमस्टेको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | मानहुं सौरा सामुदायिक होमस्टे | व्यास न.पा. वडा नं. ५ मानहुं | |
| २ | रुम्सी सामुदायिक होमस्टे | व्यास न.पा. वडा नं. १४ रुम्सी | |

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको व्यास नगरपालिका निर्माण व्यवसायी ईजाजत पत्र नियमित गर्ने कार्यविधि २०७७ बमोजिम गठित मूल्याङ्कन समितिको मिति २०७८/१२/२१ गतेको बैठकबाट सिफारिस भई आए अनुसार तपसिल बमोजिमका निर्माण व्यवसायीहरुलाई घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

| सि.नं. | फर्मको नाम | प्रोपाईटरको नाम थर ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | वि.जी. कन्ट्रक्सन | दधिराज घिमिरे/साविक जामुने ६ को हाल म्याग्दे गा.पा. वडा नं. ३ तनहुं । | |
| २ | जय सतमान ज्वालादेवि कन्ट्रक्सन प्रा.लि. | पविन गुरुङ्ग/साविक क्यामिन ६ को हाल व्यास न.पा. वडा नं. ८ | |

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास नगर प्राज्ञिक ऐन २०७८ को दफा ७ (१).बमोजिम सम्बन्धित समितिको सिफारिसका आधारमा निम्नानुसार प्राज्ञिक सभा गठन गर्ने निर्णय गरियो ।

| क.स | नामथर | क.स | नामथर |
|---|---|---|---|
| १ | श्री रामचन्द्र पोखेल - सहित्य | २४ | श्री दामोदर बाबा - सनातन धर्म |
| २ | श्री प्रभा देवी कैनी - समाजशास्त्र | २५ | श्री विश्व बुढा परियार - लोक संगित |
| ३ | श्री काशिनाथ न्यौपाने - भाषा, कला , साहित्य | २६ | श्री प्रतापलाल गुरुङ - गुरुङ भाषा साहित्य |
| ४ | श्री सुरज सुब्बा - शिक्षा विद् | २७ | श्री समुन्द्र गोदार- उपन्यासकार, गजल, कविता |
| ५ | श्री डा. रघुनाथ न्यौपाने - साहित्य | २८ | श्री देवी बहादुर बस्नेत - साहित्य लेखन |
| ६ | श्री हरिसं गुरुङ - पर्यटन विद् | २९ | श्री मिला दरै - पत्रकारीता |
| ७ | श्री नन्दन श्रेष्ठ - आध्यात्मक चिन्तन | ३० | श्री होम बहादुर बोटे - बोटे भाषा साहित्य |
| ८ | श्री सागर उदास - गितकार | ३१ | श्री बिष्णु ब अधिकारी - नेपाली साहित्य |
| ९ | श्री अमृत भण्डारी - शिक्षा विद् | ३२ | श्री मेघनाथ रिमाल- लोकदोहोरी साहित्य तथा भजन कृतन |
| १० | श्री गोविन्द कैनि - शिक्षा विद् | ३३ | श्री ओमकार आचार्य - पत्रकारीता |
| ११ | श्री गोबर्धन राना - समाजशास्त्री | ३४ | श्री विर बहादुर शार्की - मुर्तिकार |
| १२ | श्री प्रदिप काफ्ले - पत्रकारिता | ३५ | श्री नन्द बहादुर थापा - मगर साहित्य |
| १३ | श्री पृथ्वीनारायण श्रेष्ठ - मूर्तिकला | ३६ | श्री तुलबिर गुरुङ - गुरुङ पण्डित |
| १४ | श्री डा. इश्वरचन्द्र वाग्ले - शिक्षा विद् | ३७ | श्री सन्त तामाङ - शिक्षा विद् |
| १५ | श्री डा. रामकुमार अधिकारी - शिक्षा विद् | ३८ | श्री चोल बहादुर आले - छाब्दी मन्दिर पुजारी |
| १६ | श्री तुलसिशरण सिग्देल - संस्कृत भाषा, साहित्य | ३९ | श्री प्रेम प्रकाश भट्टराई - साहित्य |
| १७ | श्री शंकरनारायण श्रेष्ठ- नेवारी भाषा, कला साहित्य | ४० | श्री आकास अधिकारी - साहित्य |
| १८ | श्री तिलु थापा - शिक्षा विद् | ४१ | श्री तेजप्रसाद लामिछाने- भजन कृतन साहित्य समुह |
| १९ | श्री चिज बहादुर दरै - दरै भाषा | ४२ | श्री सर्जन थापा - नृत्य |
| २० | श्री राजकुमार गुरुङ - नृत्य | ४३ | श्री अञ्जना न्यौपाने - पत्रकारीता |
| २१ | श्री गौ कुमारी न्यौपाने - साहित्य | ४४ | श्री अम्मरराज नहर्की - गजल साहित्य |
| २२ | श्री नारायणी अधिकारी - साहित्य | ४५ | श्री बिष्णु खड्का क्षेत्री - लोक दोहोरी संरक्षक |
| २३ | श्री सुशिल वाग्ले - भाषा साहित्य | ४६ | श्री अमर थापा - कौरा नृत्य |

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा निम्न लिखित सामुदायिक विद्यालय व्यवस्थापन समितिको सिफारिसका आधारमा कार्यरत रहेकै मिति देखि लागू हुने गरी निम्न लिखित प्रधानाध्यापकहरुको नियुक्ति समर्थन गर्ने निर्णय गरियो ।

| सि.नं. | प्रस्ताव पेश गर्ने शिक्षक | विद्यालयको नाम | पत्र प्राप्त मिति | कैफियत |
|---|---|---|---|---|
| १ | रश्मी थापा मगर भुजेल घर्ती | सूर्योदय प्रा.वि.व्यास ११, राम्चे | २०७८/९/२२ | |
| २ | गणेश बहादुर क्षेत्री | माहेन्द्री आ.वि. व्यास ६ तनहुं | २०७८/१०/२६ | |

| | | | | |
|---|---|---|---|---|
| ३ | पदम बहादुर पन्थ | श्री कर्लुङ प्रा.वि.व्यास १२ बेल्थोक | २०७८/८/२२ | |
| ४ | मोहन प्रसाद पौडेल | श्री वसन्त आ.वि.व्यास ११ सेरा | २०७८/११/२० | |
| ५ | सन्तोष न्यौपाने | श्री इन्दु मा.वि. व्यास ६ | २०७८/१२/२० | |
| ६ | सुनिता देवकोटा | मत्स्यकन्या आ.वि.व्यास १२ | २०७८/१२/११ | |

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा तपसिलमा उल्लेखित निर्माण कार्य ठेक्का मार्फत गर्ने गरी प्रकाशित सिलबन्दी बोलपत्र सम्बन्धी सूचना अनुसार दर्ता हुन आएका विभिन्न फर्म/कम्पनीका सिलबन्दी बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको न्यूनतम मूल्यङ्कित बोलपत्र सारभूत रुपमा प्रभावग्राही देखिएको भनी मूल्याङ्कन समितिबाट स्वीकृतिको लागि सिफारिस भई आएकोले मूल्याङ्कन समितिको सिफारिस बमोजिम निम्न ठेक्काहरु स्वीकृत गरी सम्झौता प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

| सि.नं. | ठेक्का नं. | फर्मको नाम र ठेगाना | कामको विवरण | कबोल अंक(मु.अ.क. र भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | २८/vyasmun/२०७८/०७९ | श्री बेलु निर्माण सेवा व्यास २, दमौली | दमौली सेन्ट्रल पार्क पूर्वाधार निर्माण योजना व्यास ३ | रु.२५,५०,१५६/६० |
| २ | २९/vyasmun/२०७८/०७९ | श्री विश्वास एण्ड विपु कन्स्ट्रक्सन गोकर्णेश्वर काठमाण्डौं | वडा कार्यालय भवन निर्माण व्यास १३ | रु.२१,६५,५११/५० |
| ३ | ३०/vyasmun/२०७८/०७९ | श्री बेलु निर्माण सेवा व्यास २, दमौली | अमरापुरी बुल्दी पुल करङकाठ बसपार्क रोड कालोपत्रे योजना व्यास १ | रु.१७,२२,३५०/४१ |
| ४ | ३१/vyasmun/२०७८/०७९ | श्री विश्वास एण्ड विपु कन्स्ट्रक्सन गोकर्णेश्वर काठमाण्डौं | शित भण्डार जाने मार्ग कालोपत्रे तथा पक्की नाला निर्माण योजना व्यास ११ | रु.२०,३९,२७०/५८ |
| ५ | ३२/vyasmun/२०७८/०७९ | श्री विश्वास एण्ड विपु कन्स्ट्रक्सन गोकर्णेश्वर काठमाण्डौं | खहरे दरैगाउं मार्ग कालोपत्रे योजना व्यास १० | रु.१९,८५,६२५/८९ |
| ६ | ३३/vyasmun/२०७८/०७९ | श्री हरिशान्ति कन्स्ट्रक्सन व्यास २ | कन्टार रिङ्गरोड मार्ग कालोपत्रे तथा पक्की नाला निर्माण योजना व्यास ५ | रु.२०,३७,२७८/०० |

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा सडक बोर्ड नेपालको स्वस्कृत वार्षिक कार्यक्रम अन्तर्गत शहरी कालोपत्रे सडक (आवधिक मर्मत) योजना व्यास नगरपालिका वडा नं.१, २, ४, १० र ११ को प्राविधिक लागत अनुमान बमोजिमको प्रस्ताव सडक बोर्ड नेपालमा स्वीकृतिको लागि पठाउने निर्णय गरियो ।

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाबाट तय भएका फाल्गुण मसान्तसम्मको १२६१ योजनाहरुमा ६७९ सम्पन्न, ४८४ सम्झौता भएका, ७ योजनाहरुको टेण्डर प्रकृयाका लागि सूचना प्रकाशित भएको र ९१ योजनाहरु सम्झौता हुन बाँकी रहेको (९२.७८ प्रतिशत सम्पन्न वा सम्झौता भएका) साथै सभाबाट स्वीकृत बजेट कार्यक्रम अनुसार २०७८/१२/२१ सम्म ४८ प्रतिशत खर्च भएको, आम्दानी तर्फ संघीय सरकारबाट अपेक्षित ८४ प्रतिशत, प्रदेश सरकारबाट अपेक्षित ४५ प्रतिशत र आन्तरिक आम्दानीमा अपेक्षित ४६ प्रतिशत राजश्व बांडफांडबाट ४८ प्रतिशत आय प्राप्ति भएकोले समीक्षा गरियो ।

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा ०७९ वैशाख ३० गते निर्वाचन सम्पन्न भई नयाँ पदाधिकारी सदस्य आए पछि आ.व.०७९/०८० को बजेट तथा कार्यक्रमको तयारी गर्ने गरी हाल विपद र जटिल उपचार खर्च बाहेक अन्य कार्यक्रमहरुको सिफारिस/स्वीकृति स्थगित गर्ने निर्णय गरियो ।

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा भूकम्प प्रभावितहरुलाई केन्द्रीत गरी व्यास नगरपालिका भित्रका विभिन्न वडाहरुमा खानेपानी सिंचाई सम्बन्धी योजना निर्माण मर्मत सम्भारमा प्राप्त मागहरुमा सहयोग गर्न सप्रोस नेपाललाई अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा यस अघि भएका शिक्षक सरुवालाई निम्नानुसार संशोधन गर्दै निम्नलिखित शिक्षकहरुलाई काज सरुवा गर्ने निर्णय गरियो ।

(क) व्यास ११ वसन्त आधारभूत विद्यालयमा कार्यरत स्थायी प्रा.वि. शिक्षक श्री शर्मिला ओझालाई वेदव्यास महर्षि संस्कृत विद्यालय व्यास ३ मा स्थानान्तरण गर्ने गरी मिति २०७८/१२/७ मा भएको निर्णय संशोधन गरी हाल बसन्त आधारभूत विद्यालय व्यास ११ मा यथावत राखी बुद्ध दाहाल बहिरा विद्यालय व्यास १ मा दरबन्दी रिक्त भएका अवस्थामा बुद्ध दाहाल बहिरा विद्यालयमा स्थानान्तरण गर्ने ।

(ख) व्यास ६ देउराली प्रा.वि. मा कार्यरत प्रा.वि. स्थायी शिक्षक श्री लक्ष्मी भुसाललाई व्यास ६ देउराली प्रा.वि.मा दरबन्दी कायम गरी हाल निज विरामी भई उपचारकै क्रममा रहेकाले व्यास २ जनसेवा प्रा.वि.मा ०७८ असार मसान्तसम्म काज सरुवा गर्ने ।

(ग) व्यास ३ स्थित वसन्त आधारभुत विद्यालयका प्रा.वि स्थायी शिक्षक श्री मोहनप्रसाद पौडेल व्यास न.पा. वडा नं. ११ जनकल्याण प्रा.वि.मा काज सरुवा गर्ने।

(घ) जनजुक्त शाही मा.वि. व्यास ५ मा कार्यरत प्रा.वि.स्थायी शिक्षक रामप्यारी बि.क.को शारिरिक समस्याका कारण दरबन्दी जनजुक्त शाही मा.वि.मा कायम गरी श्री पराशर मा.विद्यालय व्यास ५ मा काज सरुवा गर्ने ।

(ङ) बाराही मा.वि. व्यास ११का प्रा.वि. स्थायी शिक्षक श्री बिष्णुबहादुर बि.क. चण्डीका आधारभूत विद्यालय व्यास ११ मा काज सरुवा ।

(च) केशवटार मा.वि. वडा नं. १४ का सामाजिक विषयका करार मा.वि.शिक्षक श्री राजु अधिकारीलाई माहेन्द्री मा.वि. गजौंडे व्यास ९ मा काज सरुवा ।

(छ) माहेन्द्री मा.वि. गजौडे व्यास ९ का गणित विषयका मा.वि.स्थायी शिक्षक श्री प्रकाश काफ्लेलाई केशवटार मा.वि. व्यास १४ मा काज सरुवा ।

(ज) माहेन्द्री मा.वि. गजौंडे व्यास ९ मा कार्यरत नि.मा.वि. करार गणित शिक्षक श्री निर्मला पुरीको बच्चा सानो भएका कारणले बैशाख १ गते देखि लागु हुने गरी दरबन्दी माहेन्द्री मा.वि. गजौंडे मै रहने गरी हाल १ महिनाका लागि महर्षि संस्कृत मा.वि. व्यास ३ मा काज सरुवा गर्ने निर्णय गरियो ।

**निर्णय नं.२६:** प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा संघीय सरकारको समपूरक अनूदान अर्न्तगत संचालित खड्गकाली मोटर मार्ग कालोपत्रे तथा पक्की नाला निर्माण योजना निर्माणको क्रममा केही कार्यहरु थप गर्नुपर्ने देखिएको हुँदा प्राविधिक मूल्यांकनको आधारमा रु.२०,२५,६५४।०० सम्बन्धित योजनाको कन्टिजेन्सीबाट खर्च गर्ने गरी भेरिएसन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.२७**: प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा जिल्ला समन्वय समितिको मौज्जात कोष र व्यास नगरपालिका कार्यालयको लागतमा संचालन हुने गरी तपशिलमा उल्लेखित योजनाहरु स्वीकृतिको लागि जिल्ला समन्वय समिति समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

| सि.नं | योजनाको नाम | वडा नं | लागत अनुमान |
|---|---|---|---|
| १ | स्याम्घा स्वास्थ्य केन्द भवन निर्माण | व्यास ६ | रु.१९,४६,१२४।०० |
| २ | कर्लूङ स्वास्थ्य केन्द्र भवन निर्माण | व्यास १२ | रु.२०,३३,६७२।०० |
| ३ | वडा कार्यालय भवन निर्माण | व्यास ६ | रु.२१,५३,१६७।०० |
| ४ | वडा कार्यालय भवन निर्माण | व्यास १४ | रु.२१,३४,६५७।०० |
| ५ | वडा कार्यालय भवन निर्माण | व्यास १३ | रु.२५,६२,९७८।०३ |
| | | जम्मा | रु.१,०८,३०,५९८।०३ |

**निर्णय नं.२८**: प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा भानु नगरपालिका वडा नं.१३ स्थित श्री अरनिको मा.वि.मा नि.मा.वि. तहमा कार्यरत शिक्षिका शोभा बि.क.ले व्यास १२ स्थित श्री मत्स्यकन्या आ.वि.मा

सरुवाका लागि सम्बन्धी विद्यालयहरुबाट सहमती ल्याई यस नगरपालिकामा निवेदन दिएकाले निजलाई उक्त मत्स्यकन्या आधारभुत विद्यालयमा सरुवा गर्ने निर्णय गरियो ।

**निर्णय नं.२९:** प्रस्ताव नं.२९ का विषयमा छलफल हुँदा विभिन्न वडाबाट अत्यावश्यक सम्बोधन गर्न माग भई आएका निम्नलिखित कार्यक्रमहरु निम्न शीर्षकबाट बजेट विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित /कम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १ | वडा कार्यालय फर्निचर खरिद - थप | १ | २७,०००।- | ९७२ |
| २ | जलदेवी मा.विको दक्षिण तर्फ कम्पाउण्ड वाल निर्माण | १ | ३,००,०००।- | मर्मत कोष |
| ३ | नेपाल भुमिहिन सुकुम्बासी राष्ट्रिय सम्मेलन खर्च | १ | ३०,०००।- | २०४ |
| ४ | जनजाती महासंघ कार्यालय सामाग्री खरिद व्यवस्थापन | १ | २,००,०००।- | ७८५ |
| ५ | गोबिन्द सैंढाइको घर अगाडि पक्की नाला निर्माण | १ | ३,००,०००।- | विविध |
| ६ | निर्मल नगर क्रिश्चियन धर्मालम्बीहरुको भवन निर्माण | १ | ३,००,०००।- | २०७ |
| ७ | प्राध्यापक संघ क्यालेण्डर छपाई- भानुभक्त क्याम्पस | १ | ४०,०००।- | भैपरी |
| ८ | नवआदर्श टोल पर्खाल निर्माण | १ | ५०,०००।- | विपद् |
| ९ | शिवालय मन्दिर टोल विकास संस्था थप नाला निर्माण | १ | २,००,०००।- | मर्मत कोष |
| १० | जनचेतना टोल विकास संस्थामा नाला मर्मत निर्माण | १ | ३,००,०००।- | मर्मत कोष |
| ११ | जनचेतना टोल विकास संस्थामा सिसि क्यामेरा जडान | १ | ५०,०००।- | विविध |
| १२ | ठुलोगाँउ टोल सरसफाई डष्टविन व्यवस्थापन | १ | ५०,०००।- | २०३ |
| १३ | बुडको पधैंरा मर्मत निर्माण | १ | २,००,०००।- | ७९४ |
| १४ | धुपखोला टोल विकास संस्था डष्टविन | १ | ३०,०००।- | २०३ |
| १५ | जलेश्वर ज्येष्ठ नागरिक दिवा सेवा भवन निर्माण | १ | १,७५,०००।- | मर्मत कोष |
| १६ | होटल व्यवसायी संघ कार्यक्रम सहयोग | २ | ५०,०००।- | भैपरी |
| १७ | राष्ट्रिय दलित पत्रकार संघ प्रशिक्षण सहयोग | ३ | २५,०००।- | २०० |
| १८ | जिल्ला प्रहरी कार्यालय सवारी मर्मत सहयोग | ३ | ९०,०००।- | मर्मत कोष |
| १९ | जुना पाटा मगर | ३ | ३०,०००।- | ३९ |
| २० | गितल प्रतिष्ठान नेपाल नाटक मञ्च कार्यक्रम सहयोग | ३ | २५,०००।- | भैपरी |
| २१ | गैर्ह सरकारी संस्था महासंघ कार्यक्रम सहयोग | ३ | २५,०००।- | भैपरी |
| २२ | नापी कार्यालय, तनहुँ- कार्यालय सामाग्री सहयोग | ३ | १,००,०००।- | भैपरी |
| २३ | मानव सेवा क्रियापुत्री भवन कम्पाउण्ड व्यवस्थापन | ३ | १,५०,०००।- | मर्मत कोष |
| २४ | निमचोक टोल महिला स्वास्थ्य शिविर सञ्चालन | ३ | ८०,०००।- | १८२ |
| २५ | तनहुँ टेलिभिजन न.पा गतिविधि प्रशारण मासिक (५०००) | ३ | २०,०००।- | भैपरी |
| २६ | पतञ्जलि योग समितिद्वारा आयोजित योग शिविर | ३ | ३,००,०००।- | १८२ |
| २७ | चुट्टेखोल्सी टोल ग्राभेल राख्ने | ४ | १,००,०००।- | मर्मत कोष |
| २८ | एकल महिला आयआर्जन- झिलिङ्गा मेसिन खरिद | ४ | ३५,०००।- | भैपरी |
| २९ | दमौली खानेपानि मुहान तथा पाइपलाईन संरक्षण | ४ | ४,००,०००।- | मर्मत कोष |
| ३० | सुवर्ण मार्ग देखी सिम्रनी सिढीबाटो निर्माण थप | ४ | ३,००,०००।- | मर्मत कोष |
| ३१ | सगरमाता मार्ग पि.सि.सि बाटो निर्माण | ४ | ६५,०००।- | मर्मत कोष |
| ३२ | जलदेवी टोल शिखर मार्ग घर संरक्षण | ४ | ३,००,०००।- | मर्मत कोष |
| ३३ | दानमाया दरै खरको छाना हटाई टिन राख्ने | ५ | ३५,०००।- | भैपरी |
| ३४ | चिन्तुटार खाल्टोमा ढुङ्गा भर्ने | ५ | ५०,०००।- | मर्मत |
| ३५ | चिन्तुटार कमल गुरुङ पाइप खरिद | ५ | ७,०००।- | ७९४ |
| ३६ | शवदाह घाट ट्रस निर्माण | ५ | १,००,०००।- | मर्मत |
| ३७ | सिन्धु आमा समुह माला,पोते, चुरा तालिम | ५ | १,००,०००।- | १७८ |

| | | | | |
|---|---|---|---|---|
| ३८ | संगम प्रावि मर्मत संहार पहिरो नियन्त्रण | ५ | ३,००,०००।- | मर्मत कोष |
| ३९ | पाटन युवा क्लब सांस्कृतिक पर्यटन प्रवर्दन सहयोग | ५ | ५०,०००।- | २०८ |
| ४० | दरै चण्डी मन्दिर निर्माण सहयोग | ५ | १,५०,०००।- | मर्मत कोष |
| ४१ | पान्धारे जाने बाटोमा सांगे फाटमा सिचाइ पाइप खरिद | ५ | २४,०००।- | ७९४ |
| ४२ | मिलन आमा समुह भवन रङरोकन | ५ | १,००,०००।- | मर्मत कोष |
| ४३ | मुस्लिम स्टार युवा क्लब खेल मैदान निर्माण | ६ | १,००,०००।- | ७७७ |
| ४४ | शान्तिदिप युवा क्लब दशै मेला व्यवस्थापन | ६ | ५०,०००।- | २०८ |
| ४५ | मन बहादुर श्रेष्ठ बिरखुटी कुलो मर्मत | ६ | १,००,०००।- | ७८९ |
| ४६ | मिलन आमा समुह देउराली | ६ | १,००,०००।- | भैपरी/मर्मत |
| ४७ | सगरमाथा आमा समुह | ६ | ५०,०००।- | भैपरी/मर्मत |
| ४८ | बार्हबिसे आमा समुह तारबार कम्पाउण्ड | ६ | १,००,०००।- | भैपरी/मर्मत |
| ४९ | मनहरी काफ्ले घर संरक्षण | ६ | १,००,०००।- | विपद् |
| ५० | हुलाकी चौतारो नेपालको मध्यबिन्दू स्मारक निर्माण | ६ | ४,००,०००।- | मर्मत कोष |
| ५१ | गौरिश्वारा ढाँड पातल टोल, सुन्दर टोल अलैचे खोला पानी टंकी मर्मत पाइप खरिद | ६ | ४०,०००।- | ७९४ |
| ५२ | माझटोल राधाकृष्ण मन्दिर निर्माण | ६ | १,५०,०००।- | मर्मत कोष |
| ५३ | श्याम्घा रेडक्रस उपशाखा स्वास्थ्य शिविर यातायात खर्च थप | ६ | ४५,०००।- | १८२ |
| ५४ | डुम्रीश्वारा जाने सिडि बाटो मर्मत निर्माण | ६ | १,९३,८७२।- | प्र.म. रोजगार |
| ५५ | रातमाटा टोल कृषि समुह कुटानी पिसानि सानो मिल खरिद | ६ | ४०,०००।- | विविध फुटकर |
| ५६ | बाढिबाट बिग्रीएको वादी कुलो मर्मत | ६ | ३,००,०००।- | ७८९ |
| ५७ | सुनगंगा सामुदायीक भवन कम्पाउण्ड फर्निचर व्यवस्थापन | ७ | १,५०,०००।- | विविध |
| ५८ | खर्क खानेपानी टंकी निर्माण संरक्षण | ७ | ५०,०००।- | ७९४ |
| ५९ | शेरा सुनार गुठी समाज भवन व्यवस्थापन | ७ | १,००,०००।- | विविध |
| ६० | चण्डी भयरथान ट्रस भवन निर्माण थप | ७ | १,००,०००।- | मर्मत कोष |
| ६१ | कलेस्ति शवदाह स्थल विदयुत व्यवस्थापन | ७ | ५०,०००।- | विविध |
| ६२ | क्यामिनकोट मा.वि अधुरो कम्पाउण्ड | ७ | १,००,०००।- | मर्मत कोष |
| ६३ | बर्लाचि सामुदायिक भवन निर्माण | ८ | ३,००,०००।- | मर्मत कोष |
| ६४ | जनहित मोटर मार्ग स्तरीकरण | ८ | २,००,०००।- | मर्मत कोष |
| ६५ | पुलिमर्याङ धर्म आमा समुह भवन निर्माण | ८ | ३,००,०००।- | मर्मत कोष |
| ६६ | शौचालय निर्माण सहयोग - विपन्न राम ब शार्की | ९ | २०,०००।- | २०३ |
| ६७ | शौचालय निर्माण सहयोग - हरा विश्वकर्मा | ९ | २०,०००।- | २०३ |
| ६८ | नगेन्द्र मोटर मार्ग स्तरिकरण, निकास खोल्ने | ९ | ५०,०००।- | विविध |
| ६९ | राजापानि टोल डोटेलफाँट कृषि समुह पाइप खरिद | ९ | ५०,०००,- | ७८९ |
| ७० | सुयल गुठि भवन खानेपानि, फर्निचर व्यवस्थापन | ९ | ७०,०००।- | विविध |
| ७१ | कुसुमे चोक - कुसुम गाँउ ग्राभेल | ९ | १,००,०००।- | मर्मत कोष |
| ७२ | छाङ्गा बाराही टोल अन्तरगत चण्डी मन्दिर निर्माण | १० | १,५०,०००।- | मर्मत कोष |
| ७३ | सपना कुमाल हाते ट्रायकटर खरिद ५० % अनुदान | १० | ३०,०००।- | भैपरी |
| ७४ | कुमालटारी कृषि समुह  पाइप खरिद सहयोग | १० | ३०,०००।- | ७९४ |
| ७५ | डिहिकुना पुर्ण चन्द्र अधिकारी कृषि मोटर खरिद | १० | १३,०००।- | ७९४ |
| ७६ | दुम्सी दरै टोल खानेपानि इनार निर्माण पानी वितरण | १० | १,००,०००।- | ७९४ |
| ७७ | भानु मा.वि डस्टवीन, ह्वाइट वोर्ड एवं खानेपानी व्यवस्थापन | १० | १,००,०००।- | ७९४ |
| ७८ | दुम्सी नमुना ग्राम अन्तरगत शुक्लि खोलामा कजवे निर्माण | १० | ४०,०००।- | मर्मत कोष |

| | | | | |
|---|---|---|---|---|
| ७९ | कल्याणकारी आमा समुह भवन निर्माण | १० | २,००,०००।- | विविध |
| ८० | रशु कृषि फर्म सहयोग | १० | ६०,०००।- | ७८२ |
| ८१ | देउरालि खानेपानि टंकी संरक्षण | १० | ४०,०००।- | ७९४ |
| ८२ | नयाँबस्ती वडा कार्यालय पहुचँ मार्ग नाला भलपानि निकास | १० | १,००,०००।- | मर्मत कोष |
| ८३ | चण्डी देवी जागरण समुह फर्निचर, भाडा खरिद | १० | १,००,०००।- | विविध |
| ८४ | नवदिप युवा क्लब खेल प्रतियोगिता सञ्चालन | १० | ४५,०००।- | विविध |
| ८५ | दिर्घ बहादुर शार्कि शौचालय निर्माण सहयोग | १० | २०,०००।- | २०३ |
| ८६ | अधुरो राधाकृष्ण मन्दिर निर्माण सहयोग | १० | १,५०,०००।- | विविध |
| ८७ | सर्वज्योति मा.वि फर्निचर व्यवस्थापन | १० | १,२५,०००।- | ७७२ |
| ८८ | कोलगैर्हा मास्टर धारा खानेपानि कुवा मर्मत | १० | १,२५,०००।- | ७९४ |
| ८९ | कुमालटारी बोटे समाज फर्निचर व्यवस्थापन | १० | ४५,०००।- | भैपरी |
| ९० | डिहिगाँउ एकान्तकुना मार्ग स्तरीकरण थप | १० | १,५०,०००।- | भैपरी |
| ९१ | शिशुवा भतेरी खानेपानि तथा कृषि सिंचाई बोरिङ निमाण | १० | १५,००,०००।- | ७८२ |
| ९२ | कालिडाडा आमा समुह सामुदायीक भवन, भान्साघर शौचालय निर्माण | १० | २,००,०००।- | मर्मत कोष |
| ९३ | दुइसयबिस खेत कुलो मर्मत | ११ | ७०,०००।- | ७८९ |
| ९४ | गिदरीपानी खोला खेत संरक्षण | ११ | १,००,०००।- | विपद् |
| ९५ | सिम्लिघाने मोटर मार्ग स्तरीकरण | ११ | ४०,०००।- | मर्मत कोष |
| ९६ | फुर्लुङ फेदी फाँट कृषि सडक स्तरोन्नती | ११ | २,००,०००।- | ७८२ |
| ९७ | तनहुँसुर चैते दशै पुजा एवं मेला व्यवस्थापन | ११ | ५०,०००।- | भैपरी |
| ९८ | बुल्दीकोला सातविसे खेल कुलो मर्मत | ११ | १,००,०००।- | ७८९ |
| ९९ | भगवति पानि मन्दिर जोड्ने मार्ग बिस्तार | ११ | १,००,०००।- | विविध फुटकर |
| १०० | सिद्वेश्वरी मा.वि सङरोगन | १२ | ३,००,०००।- | ७७२ |
| १०१ | देउराली टोल गणेश मन्दिर सामुदायीक भवन निर्माण | १२ | १,४०,०००।- | भैपरी |
| १०२ | छाब्दी भर्लादि खोला अधुरो कजवे निर्माण सम्पन्न | १२ | २,५०,०००।- | विपद् |
| १०३ | शिवालय आमा समुह कार्यालय सामान सहयोग | १२ | २०,०००।- | भैपरी |
| १०४ | शहिद लखन थापा स्मृति प्रतिष्ठान संग्राहलय म्एच | १२ | ३,००,०००।- | २१४ |
| १०५ | हस्तबहादुर वि.क आरान सुधार सहयोग | १२ | ३०,०००।- | १९९ |
| १०६ | भक्के डाडा टोल विकास कृषि सडक कल्भर्ड निर्माण थप | १२ | १०,००,०००।- | ७८२ |
| १०७ | पोखरिभञ्ज्याङ सार्वजनिक शौचालय | १३ | १,००,०००।- | भैपरी |
| १०८ | पोखरी भञ्ज्याङ स्वास्थ्य चौकी कार्यालय सामाग्री खरिद | १३ | १,५०,०००।- | ७८१ |
| १०९ | सिद्ववेनी युवा क्लब वेनीकोट भलिवल प्रतियोगिता व्यवस्थापन | १३ | ३०,०००।- | १६५ |
| ११० | भलिवल पोल खरिद सहयोग | १४ | ९९,०००।- | ७७७ |
| १११ | कैशवटार मार्ग - अधेरी भञ्ज्याङ देखी ठिन मर्मत | १४ | १,३०,०००।- | विपद् |
| ११२ | केशवटार प्रा.वि मर्मत संहार | १४ | १,५०,०००।- | ७७२ |
| ११३ | केशवटार जोगिमणि मन्दिर परिशर सिडिबाटो निर्माण | १४ | १,५०,०००।- | मर्मत कोष |
| ११४ | दुम्सी बजार कृषि दाना उद्योग बाटो - कजवे निर्माण | | २,००,०००।- | ७८२ |
| ११५ | युवा सहभागितामुलक नंक्शाङकन कार्यक्रम | | ४,००,०००।- | १५४ |
| ११६ | अगुवा महिला नेतृत्व विकास प्रशिक्षण- नेपाल महिला संगठन | | ५०,०००।- | १७८ |
| ११७ | महिला नेतृत्व विकास तालिम नेपाल महिला संघ तनहुँ | | ५०,०००।- | १७८ |
| ११८ | उषा हड्खले उपचार खर्च | | ५०,०००।- | ३९ |
| ११९ | अमन सेढाँई उपचार खर्च | | ४०,०००।- | ३९ |

| | | | | |
|---|---|---|---|---|
| १२० | डम्मर बहादुर शाही उपचार खर्च | | ३०,०००।- | ३९ |
| १२१ | स्मृति सुनार छात्रवृत्ति | | ८,०००।- | १५७ |
| १२२ | मेनुका सुनार छात्रवृत्ति | | ८,०००।- | १५७ |
| १२३ | एलिना वि.क छात्रवृत्ति | | ८,०००।- | १५७ |
| १२४ | सतिश्वारा स्वास्थ्य चौकि विद्युत उपकरण मर्मत संम्भार | | ५५,०००।- | ७८१ |
| १२५ | शिवालय आमा समुह फर्निचर सहयोग | | २५,०००।- | विविध |
| १२६ | साना कृषि सहकारी र लक्ष्मी श्रेष्ठ धानको विउ खरिद भुक्तानी | | १,००,०००।- | १८८ |
| १२७ | राष्ट्रिय विभुति अमर सिंह थापा अध्ययन | | २,००,०००।- | २१४ |
| १२८ | विनु वि.क मेशिन खरिद अनुदान | | १,००,०००।- | १९६ |
| १२९ | दरै भाषा खोज तथा अनुसन्धान | | ३,००,०००।- | २१४ |
| १३० | लियो फुटवल प्रतियोगिता | | ३०,०००।- | विविध |
| १३१ | काहुँ मिलन युवा क्लब नयाँ वर्ष साँस्कृतिक कार्यक्रम | | ३०,०००।- | विविध |
| १३२ | दलित परम्परागत पेशा आधुनिकीकरण कार्यक्रम<br>*भिमबहादुर वि.क. आरन सम्बन्धी सामान खरिद रु.५०,०००।<br>* मनबहादुर नेपाली व्यास ८ जुत्ता सिलाई मेसिन- रु.४०,०००।-<br>*नौमति बाजा व्यास ८ का लागि रु.६०,०००।<br>* १० थान इन्टरलक मेशिनका लागि रु. १,५०,०००।<br>*आरन पसलमा आवश्यक औजार ५ सेट शिशाघाट,कर्लुङ, मानहुँ, अधैंरीभञ्ज्याङ र फराकचौरका लागि रु.५०,०००।<br>*सिलाई मेसिन मर्मत तालिम रु.१,६०,०००।<br>*व्यास १३ दलित होमस्टेरु.५०,०००।<br>*आरन पसल छानाका लागि टिन ५ ठाँउका लागि रु.५०,०००।<br>*फर्निचर उद्योग सहयोग (मिनबहादुर चँदारो) रु.५०,०००।- | | ६,६०,०००। | १९९ |
| १३३ | सबै वडाका दलित समन्वय समितिका पदाधिकारीहरुलाई भाषणकला तथा नेतृत्व विकास | | १,३०,०००।- | २०० |
| १३४ | १) रामथुम्की दलित सेवा समाज भवन व्यास ११ रु.५०,०००।-<br>२) दलित जागरण महिला समुह व्यास १० रु.५०,०००।-<br>३)मिलिजुलि आमा समुह व्यास १२ रु. ३५,०००।-<br>४) भंगेरी आमा समुह व्यास १२ रु. ३५,०००।-<br>५) विश्वकर्मा गुठी समाज व्यास ३ रु. ५०,०००।-<br>६) मिराज समाज सेवा समुह व्यास ३ रु. ५०,०००।- | | २,७०,०००। | १९९ |

**निर्णय नं.३०:** प्रस्ताव नं.३० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका साझेदारी कोष सञ्चालन कार्यविधि २०७८ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.३१:** प्रस्ताव नं.३१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१२ स्थित भड्खला सामुदायिक भवन निर्माण योजनाको लागि यस कार्यालयबाट रु.३,००,०००। विनियोजन भै सम्झौता गरी समितिले पेश्की समेत लगेको र हाल कार्य सम्पन्न भएको अवस्थामा सोही स्थान नजिक रहेको मत्स्यकन्या आधारभूत विद्यालयबाट विद्यालयको दर्ता प्रक्रियामा रहेको जग्गामा सार्वजनिक भवन बनेको भनी उजुरी

परेको अवस्थामा पछि उजुरीले जे टुंगो लाग्छ सोही बमोजिम हुने गरी हाललाई भुक्तानी दिन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३२:** प्रस्ताव नं.३२ का सम्बन्धमा छलफल हुँदा यस न.पा.मा कार्यरत प्राविधिक श्री मन्दिप श्रेष्ठ, श्री कपिल रिजाल, श्री रोहित दरै, श्री सुनिल राना, श्री विशाल थापा र श्री भाग्यशाली ढुङ्गानालाई नियमानुसार प्राविधिक भत्ता उपलब्ध गराउने निर्णय गरिन्छ । साथै दकमल व्यवस्थापनका लागि २४ सै घण्टा खटिने अधिकतम ५ जनासम्म नगर प्रहरीलाई प्रतिव्यक्ति रु.६,०००। (छ हजार) का दरले राशन भत्ता उपलब्ध गराउने निर्णय गरिन्छ ।

**निर्णय नं.३३:** प्रस्ताव नं.३३ का सम्बन्धमा छलफल हुँदा नवीकरणीय उर्जा कार्यक्रम शीर्षक नं.८७५ मा रहेको रु.८,००,०००। मा आदिकवि भानुभक्त क्याम्पसमा सौर्य उर्जा जडानका लागि रु.५,००,०००। र वायोग्याँस जडान सहयोगमा रु.३,००,०००। रकम विनियोजन गर्ने निर्णय गरिन्छ ।

**निर्णय नं.३४:** प्रस्ताव नं.३४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.२ मा रहेको जनसेवा प्राथमिक विद्यालयको जग्गा व्यवस्थापनको समयमा विवाद भई तनहुँ जिल्ला अदालत, सर्वोच्च अदालत समेतबाट तत्कालिन विद्यालय व्यवस्थापन समिति र जग्गा दाता श्री बुद्धीकुमार बतास समेतका विच भएको सहमति स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) (ज) बमोजिम आधारमा हाल विद्यालयका नाउँमा जग्गा दर्ता भई विद्यालय सञ्चालनमा आइसकेकाले पूर्व सहमतिका आधारमा उक्त विद्यालयको नाम “जन सेवा प्राथमिक विद्यालयको नाम परिवर्तन गरी “तुलसीराम जनसेवा प्राथमिक विद्यालय” संशोधन गर्ने निर्णय गरिन्छ ।

**निर्णय नं.३५:** प्रस्ताव नं.३५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाले बजेट कार्यक्रम अन्तरगत बजेट शीर्षक नं.७८२ मा “कृषि एम्बुलेन्स” खरिदका लागि विनियोजित रकम ३५,००,०००। हाल मन्त्रालयले गाडी खरिदमा रोक लगाएकाले उक्त बजेट कृषि प्रबर्धन कै अन्य कार्यमा लगाउने गरी निर्णय गरिन्छ ।

**निर्णय नं.३६:** प्रस्ताव नं.३६ का सम्बन्धमा छलफल हुँदा विनियोजित वजेट कार्यक्रमबाट टेण्डर प्रकृयामा बोलकबोल हुँदा बाकीँ रहेको रकम पूँजीगत फुटकर योजनामा राख्ने निर्णय गरिन्छ ।

**निर्णय नं.३७:** प्रस्ताव नं.३७ का सम्बन्धमा छलफल हुदाँ संस्थागत विद्यालयका आधारभूत तह कक्षा ८ का विद्यार्थीहरुको वार्षिक परीक्षा दस्तुर यस वर्षका लागि प्रति विद्यार्थी रु.१०० लिने र आगामी वर्षदेखि तथ्याङ्क विवरण समयमानै पेश गर्नेको हकमा उक्त शुल्क मिनाहा दिइने निर्णय गरिन्छ ।

**निर्णय नं.३८:** प्रस्ताव नं.३८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१३ मा रहेको नराल मल्टिप्रपोज प्रा.लि.द्वारा स्थानीय स्तरमा कृषि तथा पशुपालन व्यवसाय सञ्चालन गरी स्वरोजगार तर्फ उन्मुख भएको र उक्त व्यवसायलाई थप विस्तार प्रवर्द्धनका लागि वडा नं.११ निवासी रामकृष्ण खड्का, चिनबहादुर खड्का र बिष्णुबहादुर खड्काको नाममा रहेको साविक फराकचौर नक्सा नं.७/ङ कि.नं. ७०९,७१०,७१२,७१३,७१४,७१५,७२१,७२२,७२३ र ७२४ क्षेत्रफल ४-०-०-०, २-२-०-०, ७-१५-२-०, ०-७-३-०, ०-७-२-०, ४-५-३-०, ४-०-०-०, ३-१५-२-१, २-५-०-२ र १-११-२-३ भएको जग्गा कृषि व्यवसाय सञ्चालन गर्नका लागि नराल मल्टिप्रपोज प्रा.लिका नाउँमा राजिनामा रजिष्ट्रेशन पारित गरी लिन कानून बमोजिम लाग्ने रजिष्ट्रेशन शुल्कमा छुटदिन मालपोत कार्यालय तनहुँलाई सिफारिस गर्ने निर्णय गरियो ।